North Dakota | Health
Be Legendary.™

# यात्रासम्बन्धी कोभिड नतिजाको मार्गदर्शन

**यात्रीहरूले आफ्नो गन्तव्यमा पुग्नका लागि कस्तो प्रकारको परीक्षण, परीक्षणको स्रोत र नतिजा कागजातका आवश्यकताहरू आवश्यक पर्छ भनी पहिचान गर्न आवश्यक पर्छ। यी आवश्यकताहरूबारे प्रश्नहरूका लागि आफ्नो एयरलाइन यात्रा एजेन्टलाई सम्पर्क गर्नुहोस्।**

यात्राको उद्देश्यले सामुदायिक निरीक्षण परीक्षण साइटमा परीक्षण गराउने व्यक्तिहरूले दर्ता गर्ने क्रममा परीक्षण साइटका संयोजकहरूलाई थाहा दिनुपर्छ। परीक्षण स्थानहरू निम्न वेबसाइटमा फेला पार्न सकिन्छ: [परीक्षण स्थानहरू:नर्थ दाकोटामा कहाँ कोभिड-19 परीक्षण गराउने (nd.gov)]

**परीक्षण:**

- उपलब्ध परीक्षणहरूको प्रकार:
  - RT-PCR (NAAT को प्रकार)
    - घाँटीको पछिल्लो भाग (ओरोफारिङ्गेल/OP) वा नाकको पछिल्लो भाग (नासोफेरिङ्गल/NP) बाट सङ्कलन गरिने
    - **PCR नतिजाहरू प्रयोगशालामा तपाईंको परीक्षण भएको 48 देखि 72 घण्टापछि मात्र प्राप्त हुने अपेक्षा गरिनुपर्छ।**
  - र्‍यापिड एन्टिजेन (PCR वा NAAT परीक्षण **होइन**)
    - नाकको अघिल्लो भागबाट सङ्कलन गरिने
    - नतिजाका रिपोर्टहरू 60 देखि 90 मिनेटमा उपलब्ध हुन्छन्
- आफ्नो परीक्षण गराउनुअघि, testreg.nd.gov मा गएर **एक-पटकको** दर्ता पूरा गर्नुहोस्
  - दर्ता भएको नाम यात्राका लागि प्रयोग हुने तपाईंको राहदानी जस्ता कागजातसँग मेल खानुपर्छ।
  - तपाईंलाई पठाइने तपाईंको नतिजाको इ-सूचनाका लागि तपाईंले पाठ सन्देश वा इमेलमार्फत आफ्ना नतिजाहरू प्राप्त गर्न सहमति जनाउनुपर्छ।

**म आफ्ना नतिजाहरूमा कसरी पहुँच गर्ने:**

राज्य प्रयोगशालाले आतबारको दिन परीक्षणहरू **गर्दैन**। यद्यपी, हप्तान्तको अवधिमा गरिएका परीक्षणहरूको नतिजा पनि प्रयोगशालामा आएको समयदेखि 48-72 घण्टा भित्रमा आउने छ।

- **नागरिक पोर्टल**: परीक्षण नतिजा र प्रिन्ट गर्न मिल्ने PDF नतिजाका रिपोर्टहरूमा स्वतन्त्र पहुँच।
  - दर्ताको समयमा वा इ-सूचनामा दिइएको लिङ्क प्रयोग गरेर NDLogin खाता सिर्जना गर्नुहोस्
  - तपाईंको परीक्षणको नतिजा आए पछि, तपाईंको परीक्षण नतिजा र प्रिन्ट गर्न मिल्ने PDF मा पहुँच गर्नका लागि testreg.nd.gov मा रहेको नागरिक पोर्टलमा हस्ताक्षर गर्नुहोस्।
- **अनलाइन सर्वेक्षण**: तपाईंको PDF नतिजाको रिपोर्टको प्रतिलिपि इमेल गर्नका लागि अनलाइन सर्वेक्षण पूरा गर्नुहोस्।
  - सर्वेक्षणका अनुरोधहरू सोमबारदेखि शनिबार बिहान 8:00 बजेदेखि साँझ 7:00 बजेसम्म निरीक्षण गरिन्छ

- नतिजाहरूमा पहुँच गर्ने बारे विस्तृत जानकारीका लागि परीक्षण नतिजाहरू | स्वास्थ्य विभाग (nd.gov) मा जानुहोस्

नतिजाहरूमा पहुँच गर्न सहायता आवश्यक पर्ने व्यक्तिहरूले:

- **नतिजा हटलाइन** 701-204-6664 मा सोमबारदेखि शनिबार बिहान 8:00 बजेदेखि साँझ 7:00 बजेसम्म फोन गर्न सक्नुहुन्छ

**विचार गर्नुपर्ने सामान्य आवश्यकताहरू:**

**नर्थ दाकोटा स्वास्थ्य विभागले अर्को प्रयोगशालामा गरिएको परीक्षणको लागि वा निजी स्वास्थ्य स्याहार प्रदायकद्वारा आदेश/सङ्कलन गरिएको परीक्षणको लागि नतिजाको प्रतिलिपि उपलब्ध गराउन सक्दैन।**

- अन्तर्राष्ट्रिय यात्रा: तपाईंको गन्तव्यमा पुग्नका लागि प्रस्थान गरेको वा आइपुगेको समयको आधारमा नतिजाहरू आवश्यक पर्छ वा पर्दैन भनी प्रमाणित गर्नुहोस्। सामान्यतया प्रस्थान गर्ने समयमा आवश्यक पर्छ, सधैँ होइन। **तपाईंको परीक्षण उपयुक्त समयमा हुन्छ भनी सुनिश्चित गर्नका लागि एयरलाइनमा नतिजा समयको आवश्यकता प्रमाणित गर्नुहोस्।**
- परीक्षण दर्तामा भएको यात्रीको डेमोग्राफिक जानकारी (नाम, जन्ममिति, आदि) यात्रका लागि प्रयोग गरिने कागजात (जस्तै: राहदानी) सँग मेल खानुपर्छ।
- राज्य प्रयोगशालाद्वारा उपलब्ध गराइएका नतिजाका प्रतिलिपिहरूमा परीक्षण दर्ताबाट प्राप्त जानकारी समावेश हुन्छ र प्रक्रियापछि परिवर्तन **गर्न सकिँदैन**।
  - राज्य प्रयोगशालाबाट प्राप्त **RT-PCR प्रिन्ट गर्न मिल्ने PDR नतिजाका रिपोर्टहरू** मा निम्न समावेश हुन्छन्: ND राज्यको मोहर, ND जनस्वास्थ्य प्रयोगशालाको ठेगाना, नमूना सङ्ख्या, बिरामीको नाम, जन्ममिति, लिङ्ग, नमूनाको स्रोत, प्रयोगशालामा प्राप्त गरिएको मिति/समय, सङ्कलन गरिएको मिति, अनुरोध गरिने चिकित्सक, अनुरोध गरिने सुविधा, परीक्षणको नाम, नतिजाहरू, व्याख्या, परीक्षण गरेको मिति, अनुमोदन गरिने हस्ताक्षर, अनुमोदन गरिने मिति र CLIA प्रमाणपत्रको नम्बर।
  - **र्‍यापिड एन्टिजेन नतिजाका रिपोर्टहरू** मा निम्न समावेश हुन्छन्: ND राज्यको मोहर, परीक्षण आइडी नम्बर, पूरा नाम, जन्ममिति, अनुरोध गरिने सुविधाको नाम, प्रबन्ध गरिएको परीक्षणको प्रकार, नमूनाको स्रोत, नमूना सङ्कलन गरिएको मिति, नतिजा र नतिजा आएको मिति।